**प्रशासन**, सार्वजनिक प्रशासन सम्बन्धी पत्रिका
वर्ष ३८, अंक ३, पूर्णाङ्क १०६, आषाढ २०६४

# बर्तमान परिवेशमा उद्योग, वाणिज्य क्षेत्रका विविध आयाम : एक चर्चा

✍ बेगेन्द्रराज शर्मा पौड्याल

## पृष्ठभूमि :

देशको समष्टिगत आर्थिक समृद्धिका लागि उद्योग, वाणिज्य क्षेत्रको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको छ । मुलुकभित्र उद्योगधन्दा तथा व्यापार व्यवसाय फस्टाउँदै गएको अवस्थामा मात्रै रोजगारीका अवसरहरु सृजना हुने, सर्वसाधारण उपभोक्ताहरुको चाहाना र आवश्यकता पुरा हुने, उद्यमीहरुको श्रम र पूँजीको सदुपयोग हुने, वित्तिय संस्थाहरुमा रहेको तरल पूँजीको परिचालन हुने, नयाँ नयाँ व्यक्तिहरू उद्यमशिलतातर्फ आकर्षित हुने लगायतका सकारात्मक तथा प्रगतिउन्मुख परिणाम हासिल भई राष्ट्रिय आयमा बढोत्तरी आउन सक्ने हुन्छ । उद्योग, व्यापार तथा व्यावसायकै माध्यमबाट आफ्नो देशको उत्पादकत्व र उत्पादनलाई अन्तर्राष्ट्रिय बजारसम्म पहुँच पुऱ्याई निर्यात व्यापारमा अभिवृद्धि ल्याउन सकिन्छ । विकासका दृष्टिले पछाडी परेको हाम्रो जस्तो भूपरिवेष्ठित देशका लागि ठूला ठूला उद्योगधन्दा र कलकारखानाहरु भन्दा पनि आफ्नै देशको हावापानी र धरातलमा आधारित स-साना लघु, घरेलु तथा मझौला खाले उद्योग धन्दाको विकास तथा संचालन गर्नु जरुरी हुन्छ । ठूलाठूला विकासका कार्यहरु पनि स-साना विकासे प्रयासबाटै थालनी भएको विश्व इतिहासले पुष्टि गरिसकेको छ ।

सरकारका नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा निजी क्षेत्र समेतको सहभागितामा सर्वसाधारण जनताहरुलाई वस्तु तथा सेवा (Goods & Services) वितरणको व्यवस्थापनन गर्न र सम्बन्धित सरोकारवालाहरु (Stakeholders) लाई सहयोग तथा सेवा सुविधा उपलब्ध गराउने एउटा महत्वपूर्ण सार्वजनिक संयन्त्रको रुपमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कार्यरत रही आएको छ । यस मन्त्रालय अन्तरगत मुख्य रूपमा तीनवटा क्षेत्रगत विषयहरु जस्तो कि उद्योग क्षेत्र, वाणिज्य क्षेत्र तथा आपूर्ति क्षेत्र रहेकोमा यी सबै क्षेत्रहरुले आ-आफ्ना क्षेत्राधिकार अन्तर्गत रही कार्य सम्पादन गरी आएको देखिन्छ । मुलुककै आर्थिक उत्थान र वित्तिय प्रगतिमा उल्लेखित क्षेत्रगत विषयहरुको प्रत्यक्षतः प्रभाव पर्ने हुँदा यी क्षेत्रहरुमा संलग्न निकायहरुको कार्यसम्पादनमा गुणस्तरीयता, चुस्तता, कार्यदक्षता तथा कार्य प्रभावकारिता आउनु जरुरी हुन्छ । त्यसैगरी उद्योग वाणिज्य तथा आपूर्ति क्षेत्रका काम कारवाही तथा सेवाहरुलाई आम जनता समक्ष पुऱ्याउने सिलसिलामा निजी क्षेत्र (Private Sector) को त्यत्तिकै उल्लेखनीय भूमिका हुन आउने देखिन्छ । किनकी मिश्रित अर्थतन्त्र अंगालेको र भर्खर भर्खर विश्वव्यापीकरणको लहरतर्फ उन्मुख हुँदै गरेको हाम्रो जस्तो देशमा निजी क्षेत्रको सक्रियसहयोग, समन्वय र सहभागिताविना उद्योग व्यवसायको प्रवर्द्धन र आपूर्ति व्यवस्थापनको सुदृढीकरण कठिन हुन जान्छ । तसर्थ यस क्षेत्रको सफलताका लागि सरकारी निकायको भूमिका सहयोगी तथा प्रेरकको रुपमा रही निजी क्षेत्रको भूमिका सक्रिय तथा अग्रगामी हुनुपर्ने देखिन्छ ।

## परिवर्तित विश्व परिवेशमा नेपाल :

आज संसारको कुनै पनि देश विश्व अर्थतन्त्रको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभावबाट अलग रहन सक्दैन । अहिलेको विश्व विश्वव्यापीकरण (Globalization), उदारीकरण (Liberalization), बजारीकरण (Marketization), बजार अर्थतन्त्र (Market Economy), खुला अर्थतन्त्र, खुला बजार (Open Market), पारदर्शी आर्थिक नीति नियम (Transparent Rules & Regulation), प्रतिस्पर्धा (Competition) जस्ता तत्वहरुले वेष्ठित भएको छ । वर्तमान समयमा संसारका प्राय धेरैजसो विकसित तथा विकासोन्मुख मुलुकहरुमध्ये केही देशहरुले माथि उल्लेखित पद्धति तथा तत्वहरुलाई अंगिकार गरेका र अरु केही देशहरुले क्रमिक रुपमा आफ्नो देशको परिस्थिति बमोजिम अपनाउन खोजेको देखिन्छ । यसको अर्थ के हो भने उपरोक्त विषय वा तत्वहरुको अवलम्वन गर्ने सबै देशहरुको अर्थ नीति लगभग एकै खालको हुने देखिन्छ । त्यसैले पनि अहिलेको संसारलाई "विश्व एउटै गाउँ (Global Village)" का रुपमा लिन थालिएको छ । जसका कारण आज नेपालबाट ज्यादै धेरै टाढा रहेको अमेरिकाको

मेरिल्याण्ड शहरको कुनै एउटा कुनामा रहेको एउटा अमेरीकी व्यापारी र काठमाडौंको इटुम्वहाल भित्रको एउटा घरको भूँईतलामा रहेको एउटा नेपाली व्यापारीका बीचमा सजिलैसँग व्यापारिक कारोवार हुन सक्दछ । यस्तो सुविधा विश्वव्यापीकरण र खुलाबजार अर्थतन्त्र समेतका कारणले बढी संभव हुन सकेको हो ।

आजभन्दा करिव आठ दश वर्ष अगाडि काठमाडौंको बजारमा मोबाइल फोन लिई हिड्नेहरुलाई सम्भ्रान्त वर्गका मानिसको रुपमा चिनिन्थ्यो । तर आज त्यही मोबाइल फोन कालीमाटीमा तरकारी बेच्ने एउटा खुद्रा व्यापारीसँग रहेको छ र उसले तरकारी खरिदविक्रीको कारोबारकै सिलसिलामा थानकोटबाट मोबाइल फोनकै माध्यमबाट खबर गरी तरकारी मगाउँदै गरेको दृश्य समेत अब नौलो रहेन । आज आम नेपालीहरुका लागि समेत मोबाइल फोन सेवा अधिकांश व्यक्तिको आवश्यकता भित्रको चिजवस्तु भएको छ, नकि विलासी । यो सबै वाणिज्य, उद्योग, सूचना प्रविधि तथा आर्थिक क्षेत्रमा आएको तीव्र परिवर्तनका कारणले सम्भव भएको हो । साउदीअरबमा काम गर्न गएको आफ्नो छोरालाई बाग्लुङ्ग जिल्लाको एउटा दुर्गम गाउँमा रहेकी आमाले सजिलै फोनमा कुराकानी गर्न सक्दछिन् । अमेरिकामा अध्ययन गर्न गएका छोराछोरीसँग काठमाडौंमा रहेका उनीहरुका आमावुवाले इन्टरनेटको माध्यमबाट गफगाफ गर्ने विषय अब पुरानो भइसक्यो । तसर्थ आजको बजार, देशको आर्थिक प्रबन्ध लगायतका तमाम विषयवस्तु र क्षेत्रहरु, विज्ञान र प्रविधिमा आएको विकास तथा परिवर्तन र अर्थतन्त्रका अवयवहरुमा आएको परिवर्तित मूल्य र मान्यताले प्रभावित भएका छन् । यस सन्दर्भमा नेपालले पनि आफूलाई उक्त परिवर्तित मूल्य र मान्यता उन्मुख गराउंदै लग्नु आवश्यक छ ।

## उद्योग, वाणिज्य क्षेत्रको प्रवर्द्धनमा सरकारी तथा निजी क्षेत्रको भूमिका :

देशको उद्योग तथा वाणिज्य क्षेत्रको सवलीकरण र दीर्घकालीन हित संरक्षणार्थ मुलुकभित्रको औद्योगिक प्रवर्द्धन र उपयुक्त बजार व्यवस्थापनका लागि सहजकर्ताको भूमिका निर्वाह गर्ने निकायको रुपमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय संचालित रहेको छ । साथै उद्योग, वाणिज्य तथा आपूर्तिका माध्यमबाट देशको अर्थतन्त्रमा सकारात्मक योगदान पु¥याउन र सर्वसाधारण नेपाली जनतालाई अत्यावश्यक उपभोग्य समानहरुको उपलब्धतामा सरलीकरण ल्याउने कार्य पनि यस मन्त्रालयको भूमिका भित्र पर्न आउने देखिन्छ । तर एक्काइसौं शताब्दीको आजको जस्तो प्रतिस्पर्धी आर्थिक बजारमा देशलाई औद्योगिक तथा आर्थिक हिसाबले टिक्न सक्ने र समर्थ बनाउनका लागि सरकारको प्रयासले मात्रै सार्थकता लिन सक्दैन । आजको आर्थिक विकास सरकारी तथा निजी क्षेत्रको साझेदारी र हातेमालोबाट मात्रै सम्भव छ । त्यसैले अचेल सरकारी तथा निजी- साझेदारी अर्थात Public-Private Partnership Theory ज्यादा प्रयोग तथा चर्चामा आएको पाइन्छ । यो पद्धति किन पनि जरुरी छ भने सरकारी निकायले उद्योग तथा व्यवसायको संचालन र सुदृढीकरणका लागि उपयुक्त नीति नियमको तर्जुमा गर्ने कार्य गर्दछ भने निजी क्षेत्रले आफूसँग रहेको पूँजी र उद्यमशिलताको प्रयोगद्वारा औद्योगिक उत्पादन विक्री वितरण, आपूर्ति कार्य तथा व्यापारिक कारोवार संचालन गरी देशको समष्टिगत अर्थतन्त्रमा सहयोग पु¥याउंदछ । त्यसैगरी व्यापार, व्यवसाय, उद्योगधन्दाहरुको स्थापना, संचालन, विकास र विस्तार गरी उत्पादन तथा विक्रीको माध्यमबाट नाफा आर्जन गर्ने, वस्तु तथा सेवा प्रवाह गर्ने र राजश्व संकलनमा सहयोग पु¥याउने आदि कार्यमा निजी क्षेत्र (Private Sector) को भूमिका बढी हुन प्रभावकारी हुन आउने देखिन्छ । नीति निर्माण (Policy Making) कार्य र सहजीकरण (Facilitation) गर्ने कार्यका अलावा वर्तमान परिवर्तित परिप्रेक्ष्यमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले निम्न कार्य तथा विषयवस्तुहरुमा बढ्ता ध्यान दिनुपर्ने देखिन्छ ।

- मुलुकको दीर्घकालिन हित र आर्थिक अभिवृद्धिका लागि सामयिक औद्योगिक नीति, वाणिज्य नीति,आपूर्ति नीति,वैदेशिक लगानी नीति लगायतका नीति, नियम र योजनाहरु आवश्यकतानुसार परिमार्जन, परिष्कार र निर्माण गर्ने,
- उद्योग, वाणिज्य क्षेत्रको विकास र प्रवर्द्धनका लागि आवश्यक पहल गर्ने ,
- वाणिज्य क्षेत्रलाई बढी भन्दा बढी प्रतिस्पर्धी बनाउने,
- घरेलु उद्यमशिलताको विकास गर्ने, गराउने,
- औद्योगिक उत्पादकत्वमा अभिवृद्धि ल्याउने,
- निजी क्षेत्रलाई उद्योग, व्यापार र आपूर्तिका क्षेत्रमा प्रोत्साहित गर्ने,
- सर्वसाधारणहरुलाई अत्यावश्यक उपभोग्य वस्तुहरुको प्रवाहीकरणको प्रत्याभूति दिलाउने,
- दैनिक अत्यावश्यकीय उपभोग्य वस्तुहरुको आपूर्ति व्यवस्थालाई सुनिश्चित गर्ने,
- सर्वसाधारण उपभोक्ताहरुको हकहितको संरक्षण गर्ने,

- नयाँ नयाँ उद्यमीहरुलाई उद्योग व्यवसाय तथा लगानीतर्फ प्रोत्साहित हुने खालको वातावरण सृजना गरिदिने व्यवस्था गर्ने,
- उद्योग क्षेत्रको विकास र विस्तारबाट रोजगारीका अवसरहरूको वृद्धिमा सहयोग पु¥याउने,
- उद्योग, वाणिज्य र आपूर्तिसँग सम्बन्धित विषयहरुमा सरकारको नीति तथा देशको हित अनुकूल सन्धी, सम्झौता, वार्ता, सम्पर्क, समन्वय आदि गर्ने,
- उद्योग, वाणिज्य क्षेत्रको अभिवृद्धिबाट मुलुककै गरिवी निवारणमा सहयोग पु¥याउदै समष्टिगत रूपमा मुलुककै अर्थतन्त्रको सवलीकरणमा थप योगदान पु¥याउने ।

माथि उल्लेखित तमाम कार्यसम्पादनमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको भूमिका अहम हुने देखिन्छ । तथापी उल्लेखित विविध खाले कार्यहरुको कार्य सम्पादनका लागि मन्त्रालय वा सरकारी तवरबाट मात्रै संभव नहुने र मुलुकको सर्वतोमुखी आर्थिक विकासका लागि निजी क्षेत्रका उद्यमी तथा व्यवसायी समेतको उत्तिकै योगदान हुने हुँदा यस्ता विषयहरुमा निजी क्षेत्रको समेत सक्रिय संलग्नता र योगदान हुनु जरुरी छ । तव मात्रै यस क्षेत्रको अपेक्षित लक्ष्य हासिल भई देशको कुल ग्राहस्थ उत्पादनमा उद्योग, वाणिज्य क्षेत्रको योगदानमा अभिवृद्धि हुन जानेछ । यसका लागि विशेषतः निम्नानुसारका विषयगत क्षेत्रहरुमा विशिष्ट ध्यान दिन सकेमा आगामी दिनमा यस क्षेत्रमा आइपर्ने चुनौतीहरुलाई अवसरमा परिणत गरी मुलुकको दिगो विकासमा थप योगदान पु¥याउन सक्ने देखिन्छ ।

## उद्योग क्षेत्रको विकास र सवलीकरण :

विकासका पाइलामा अग्रगमन खोज्दै एक्काइसौ शताब्दीको नेपालले उद्योगधन्दाहरुको विकास, विस्तार र प्रवर्द्धन गरी विश्व अर्थतन्त्रलाई पछ्याउनुपर्ने देखिन्छ । आँफैमा समेत धानिन नसक्ने उद्योगधन्दाहरुको माध्यमबाट हामी विश्व बजारमा पुग्न सक्दैनौं । अरु सरह सँगै उभिनका लागि हाम्रो प्रतिस्पर्धी क्षमतामा विकास गर्नु अति जरुरी छ । विश्व अर्थतन्त्रसँग प्रतिस्पर्धा गर्न सक्ने देशका उद्योग धन्दाहरु र त्यस्ता उद्योगधन्दाहरुबाट उत्पादित वस्तु तथा सेवाहरु मात्रै आजको विश्वबजारमा टिक्न सक्दछन् । तसर्थ आर्थिक उदारीकरण (Economic liberalization) र विश्वव्यापीकरण (Globlization) को लहरबाट सृजित अर्थतन्त्र र आर्थिक तत्वहरुसँग तालमेल गर्न सक्ने र चुनौतीहरूसँग सामना गर्न सक्ने खालको औद्योगिक वातावरणको सृजना गरी मुलुकभित्रको उद्योग क्षेत्रलाई व्यवस्थित, सुदृढ तथा सबल बनाइनु आवश्यक छ । यसका लागि उद्योग क्षेत्रमा संलग्न सरकारी निकायहरुको क्षमता अभिवृद्धि गर्नुका अतिरिक्त निजी क्षेत्रलाई समेत परिवर्तित विश्वबजारमा आएको परिवर्तनसँग परिचित गराउनुपर्दछ । जबसम्म निजी क्षेत्रले गुणस्तरीय वस्तुको नियमित रुपमा उचित मूल्यमा बेचविखन (निर्यात) तथा आपूति गर्न सक्दैन, तबसम्म अन्तराष्ट्रिय जगतको नेपाली वस्तुप्रतिको ध्यान आकर्षित हुन सम्भव हुँदैन । यसर्थ पनि यस क्षेत्रमा नीतिगत, संस्थागत तथा आधारभूत संरचनाहरुको विकास गर्दै निजी क्षेत्रको अग्रसरतामा औद्योगिक उत्पादनमा वृद्धि ल्याई सवल एवं सुदृढ औद्योगिक क्षेत्रको रुपमा नेपालको उद्योगधन्दालाई पहिचान गराउनु आवश्यक देखिन्छ ।

साथै नेपाल जस्तो सानो, अतिकम विकसित राष्ट्रले जतिसुकै मेहनत र प्रयास गरेतापनि विश्व अर्थतन्त्रसँग हातेमालो गरी हिड्न कठिनाई पर्ने हुनाले स्वदेशभित्रै औद्योगिक क्षेत्रमा आत्मनिर्भर हुनका लागि स्वदेशी कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगधन्दाहरुको स्थापना, उत्थान, विकास र सम्वर्द्धनतर्फ बढ्ता ध्यान आकर्षित गर्नुपर्ने देखिन्छ । यसका लागि मूलुकका विभिन्न ठाउँहरुमा रहेका औद्योगिक कच्चा पदार्थको खोजी र पहिचान गर्नु पर्दछ । साथै नेपाली भूमिमा उत्पादित वस्तु तथा कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना र संचालन गर्न सकेमा एकातिर स्वदेशी तथा घरेलु उद्योगहरुको विकास भई आम उपभोगका वस्तुहरुको उत्पादन अभिवृद्धि हुन जान्छ भने अर्कोतिर घरेलु उद्योगधन्दाहरुमा माध्यमबाट वेरोजगार युवायुवतीहरुले रोजगारीका अवसर प्राप्त गर्न सक्दछन् । नेपालको आफ्नै विशिष्ट पहिचान भएका निकासीजन्य वस्तुहरुको उत्पादन गर्न सकेमा हाम्रा घरेलु (स्वदेशी) उत्पादनले अन्तर्राष्ट्रिय बजारसम्मको पहुँच समेत प्राप्त गर्न सक्दछन् । उदाहरणको लागि हाम्रै बनजंगलका जडिवुटीहरु, यार्सागुम्बा, अल्लो, काठ, बांस लगायतका कच्चा पदार्थमा आधारित औद्योगिक वस्तुको उत्पादन वृद्धि गर्नेतर्फ पाइला चाल्न सके मात्रै पनि ग्रामिण क्षेत्रको विकासमा सघाउ पु¥याउंदछ । त्यसैगरी ऊनबाट निर्मित गलैंचा, पश्मिना, तयारी पोशाक, कृषि तथा वनजन्य स्थानीय श्रोतमा आधारित वस्तुको उत्पादन बढाउन सकेमा निर्यात व्यापार प्रवर्द्धन हुन सक्ने देखिन्छ । यदि मुलुकको विकास प्रकृयामा संरचनात्मक परिवर्तन र क्षेत्रीय सन्तुलन ल्याउने हो भने हालसम्म कृषिक्षेत्रमा रहेको अत्यधिक

श्रमभार र निर्भरतालाई कम गर्दै देशभरि छरिएर रहेको मानवीय शक्तिलाई उद्योग धन्दा तथा औद्योगिक वस्तुहरुको उत्पादन कार्यमा परिचालित गर्नु पर्ने हुन्छ ।

## बाणिज्य क्षेत्रको प्रवर्द्धन र सरलीकरण :

खुलाबजार अर्थतन्त्र र व्यापार उदारीकरणको प्रभावबाट वाणिज्य क्षेत्रमा देखिएका चुनौती तथा अवसरहरुलाई समयमै औंल्याई अगाडि बढ्नु आजको आवश्यकता हो । व्यापार व्यवसायलाई बजार संयन्त्र (Market Mechanism) को माध्यमबाट स्वयं परिचालित हुन दिई अतिजरुरी र अत्यावस्यक देखिएका क्षेत्रमा मात्रै सरकारी हस्तक्षेप मार्फत बजारलाई व्यवस्थित गर्नु उदारीकरण नीतिको मर्म हो । यस परिप्रेक्ष्यमा सरकार तथा सरकारी निकायहरुको भूमिका एउटा सहयोगी, उत्प्रेरक, सजहकर्ता तथा अनुगमनकर्ताको रुपमा रही निजीक्षेत्रलाई सक्रिय रुपमा व्यापार व्यवसायको स्थापना, संचालन र सुदृढीकरण गर्न दिनुपर्ने देखिन्छ । ताकि सफल व्यवसायका माध्यमबाट यथेष्ट कर, राजश्व संकलन भई देशको समष्टिगत अर्थतन्त्रमा सकरात्मक योगदान पुग्न सक्दछ । एकातर्फ विश्वस्तरीय तथा क्षेत्रीय व्यापारिक संगठनसँगको आवद्धता पश्चात अतिकम विकसित राष्ट्र (LDC) को नाताले नेपालले आफूले प्राप्त गर्नसक्ने अत्यधिक सुविधा प्राप्ति तर्फ आफ्ना प्रयासहरु केन्द्रित गराउनु पर्दछ भने अर्कोतर्फ निर्यात व्यापारलाई बढावा दिनका लागि गुणात्मक निकासीजन्य वस्तुहरुको उत्पादन वृद्धि गर्दै निजी क्षेत्र समेतको सहभागितामा तुलनात्मक लाभ (Comparative Benefit) भएका क्षेत्रहरुको पहिचान गर्दै सोको संचालन तथा कार्यान्वयन संयन्त्रहरुलाई त्यसतर्फ परिचालित गर्नुपर्दछ । यस क्षेत्रको विद्यमान संरचनामा सुधार र विकास गर्दै व्यवसायिक कारोवारमा सरलीकरण ल्याउने अभिप्रायका साथ आगामी प्रयासहरु अगाडि बढाइनु आवश्यक छ ।

त्यसैगरी वाणिज्य क्षेत्रको प्रवर्द्धनका लागि वैदेशिक व्यापार घाटालाई कम गर्नुपर्ने हुन्छ । यसका लागि सबैभन्दा महत्वपूर्ण पक्ष भनेको हालसम्मको हाम्रो आयातमूखी व्यापारलाई प्रतिस्थापन गर्दै लगी निर्यात व्यापार प्रवर्द्धन (Export Trade Promotion) गर्नुपर्ने देखिन्छ ।

## आपूर्ति क्षेत्रको व्यवस्थापन :

सर्वसाधारण नागरिकहरुलाई दैनिक रुपमा आवश्यक पर्ने वस्तु तथा सेवाहरुको उपलब्धतामा सुनिश्चितता प्रदान गर्नु आपूर्ति क्षेत्रको अहम कर्तव्य हुन आउँदछ । आपूर्ति क्षेत्रको व्यवस्थापनभित्र अत्यावश्यकीय वस्तुहरुको नियमित, सरल, सहज  तथा सर्वसुलभ ढंगबाट वितरण हुने व्यवस्थाका अलावा उपभोक्ताहरुको हक, हित र स्वास्थ्य समेत गाँसिएको हुन्छ । मिश्रित अर्थतन्त्र अंगालेको नेपाल जस्तो कम विकसित देशका लागि सरकारी निकायबाट मात्रै आपूर्ति प्रणालीको सुनिश्चितता गर्ने कार्य ज्यादै कठिन हुन आउँदछ । तसर्थ  अत्यावस्यकीय वस्तुहरुको आपूर्तिलाई सुनिश्चित, विश्वसनीय र भरपर्दो बनाउने हेतुले सरकार तथा निजी क्षेत्रको साझेदारीमा आपूर्ति प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । बजार तथा निजी क्षेत्रले सधैं नाफा मात्रै खोज्ने प्रवृत्ति हुनेहुँदा कृत्रिम अभाव, कालाबजारी, महंगीको सृजना गरेको समयमा तथा विशेष अवस्थामा सरकारी हस्तक्षेप समेतका माध्यमबाट आपूर्तिलाई व्यवस्थित, मर्यादित र सन्तुलित गराउनु जरुरी हुन्छ । यसका लागि उपभोक्ता संरक्षण ऐन र प्रतिस्पर्धी ऐनलाई समेत सक्रिय तुल्याइरहनु पर्ने देखिन्छ ।

वर्तमान समयमा मुलुकको भौगोलिक विकटताका कारणवाट आपूर्ति व्यवस्थापनमा कठिनाई देखापरेको छ भने अर्कोतर्फ आपूर्ति कार्यमा सरकारी वा निजी तथा सरकारी (निजी साझेदारी कुन पद्दतिको अवलम्वन गर्ने भन्नेमा नीतिगत अन्यौलता समेत देखिएको स्थिति छ । निजी क्षेत्रले संकटका समयमा जिम्मेवारीवाट उम्कन खोज्ने प्रवृत्ति देखाउने गरेको सन्दर्भमा नीजि व्यवसायिक क्षेत्रको काम, कतर्व्य, जिम्मेवारी,इमानदारीता तथा कार्यक्षेत्र समेतको आचारसंहिता अर्थात Business Code या Conduct बनाई लागू गर्नुपर्ने देखिन्छ ।

## व्यापारका लागि अन्तर्राष्ट्रिय आवद्धता :

विश्व बजारमा आएको सकारात्मक परिवर्तनलाई आत्मसात् गरी नेपाली परिवेश र परिवर्तित विश्व वातावरण सुहाउँदो ढंगले उक्त परिवर्तनलाई लागू गर्दै नजाने हो भने हाम्रो जस्तो अविकसित, भू-परिवेष्ठित र सानो गरीव राष्ट्र विश्व आर्थिक मंचबाट अलग्गिन जाने संभावना हुन्छ । तसर्थ संसारका विकसित मुलुक तथा क्षेत्रको परिवर्तन र सुविधालाई नेपालीहरुको हित अनुकूल हुने गरी देशमा भित्र्याउने र आफ्नो देशको उत्पादन, वस्तु, व्यापार तथा सेवा समेतलाई अन्तर्राष्ट्रिय बजारमा पहिचान गराउँदै विक्रीयोग्य (Sellable) बनाउनुपर्ने आजको

खाँचो हो । यसै विषयलाई स्वीकार गरेर नै हुनुपर्दछ कि नेपालले पनि अन्तर्राष्ट्रिय व्यापारिक, आर्थिक संस्थाहरुसँग हातेमालो गर्दै अगाडि बढ्न खोजेको देखिन्छ । जसअनुरुप नेपाल विश्व व्यापार संगठन (World Trade Organization) को सदस्य भएको र दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्र (South Asian Free Trading Area) तथा विमस्टेक (BIMSTEC) स्वतन्त्र व्यापार प्रणालीमा संलग्न भइसकेको छ । आफ्नो संलग्नता र सदस्यता पश्चात् नेपालले आफूलाई अन्तर्राष्ट्रिय परिवर्तित परिवेश सुहाउँदो बनाउन निकै प्रयत्न गर्नुपर्ने देखिन्छ । त्यसका लागि केही प्रयासहरुको थालनी गरेको देखिए तापनि ति प्रयासहरु पर्याप्त भने छैनन् ।

## पूँजीको परिचालन र उद्योग प्रवर्द्धनः

उद्योग, वाणिज्य क्षेत्रको विकास र सम्बर्द्धनको सन्दर्भमा हेर्दा एकातिर मुलुकको दीर्घकालीन विकास र अर्थतन्त्रको सुदृढीकरण तथा सवलीकरणका लागि उद्योग तथा वाणिज्य क्षेत्र सुदृढ, सक्षम र प्रतिस्पर्धी (Sound, Capable, & Comeptitive) हुन जरुरी छ भने अर्कोतिर हाल देशले भोग्नु परेका विविध खाले समस्याहरुका कारण उद्योगधन्दा, व्यापारव्यवसाय अपेक्षित मात्रामा फस्टाउन नसकेकाले उद्योग, वाणिज्य क्षेत्रको माध्यमबाट देशको अर्थतन्त्रमा पुग्ने योगदानमा गिरावट हुँदै गइरहेको देखिएको छ । उद्योग, व्यवसाय एउटा त्यस्तो क्षेत्र हो जसले राष्ट्रका अधिकांश क्षेत्र र पक्षहरुलाई प्रभाव पारेको हुन्छ । देशको कुनै एउटा कुनामा संचालनमा रहेको उद्योगबाट त्यस क्षेत्रका बासिन्दाहरुलाई रोजगारी उपलब्ध हुन्छ भने त्यसै क्षेत्रको घरजग्गाको मूल्यमा बढोत्तरी आउँछ र सानातिना व्यापारिक कारोवारमा वृद्धि हुन जान्छ । त्यसै उद्योगको संचालन र विस्तारबाट राज्यलाई कर तथा राजश्व संकलन भई मुलुकको आर्थिक वृद्धिदर बढाउनमा सहयोग पुर्‍याउँछ । उद्योग खोल्ने प्रयोजनार्थ मुलुकभित्र छरिएर रहेको पुँजीको परिचालन हुन सक्दछ ।

आज देशभित्र संचालित अधिकांश बैंक तथा वित्तिय संस्थाहरुमा अत्यधिक निक्षेपित रकम जम्मा भएको र त्यस्तो रकम लगानी हुन नसकी बैंक तथा वित्तिय संस्थाहरुले आफ्ना निक्षेपकर्ता (Depositors) हरुलाई अत्यन्तै न्यून - नाममात्रको ब्याज दिने गरेका छन् । जसका कारणबाट बैंकहरुमा रकम जम्मा गर्ने खातावालाहरु (Accountholders) ले उचित दरको ब्याज रकम प्राप्त गर्न सकेका छैनन् । त्यसैगरी लगानीको अभावमा बैंकहरुले पर्याप्त मुनाफा आर्जन गर्न नसकि बैंकहरु नोक्सानीको स्थितिमा गुज्रिरहेका छन् । यस्तो स्थितिमा निष्पक्ष र उचित ढंगले उपयुक्त उद्यमी तथा उद्योग व्यवासयमा बैंक तथा वित्तिय संस्थाहरुमा रहेको तरल रकम (Liquid money) लाई लगानी गर्न सक्ने हो भने उक्त लगानीबाट उद्योग गर्ने व्यवसायी, लगानीकर्ता बैंक तथा निक्षेपकर्ता (खातावाला) समेतलाई प्रत्यक्ष तथा अप्रत्यक्ष लाभ पुग्न जान्छ । वर्तमान समयमा उद्योग वाणिज्य क्षेत्रको पुनर्सरचना, पुनःस्थापना तथा विकास र विस्तारका लागि माथि उल्लेखित विषयहरुका अलावा विविध ढंगबाट सरल र सहज वातावरणको सृजना गरिनु अत्यावश्यक देखिएको छ ।

## उद्योग वाणिज्य क्षेत्रको प्रवर्द्धनमा गैरआवाशीय नेपालीहरु :

उद्योग र उद्यम विना देशको आर्थिक विकास कठिन हुन्छ । उद्यम व्यवसाय नभएमा रोजगारका अवसरहरु न्यून हुन जान्छन् । न्यून रोजगारीका अवसरका कारणबाट मुलुकभित्र दक्ष, अर्धदक्ष तथा अदक्ष रुपमा छरिएर रहेको बेरोजगार युवाशक्ति अनावश्यक, नकरात्मक र अनियन्त्रित भीड वा समूहतर्फ आवद्ध हुन पुग्दछ । जसको परिणामस्वरुप आपराधिक कृयाकलापमा वृद्धि तथा द्वन्द्वात्मक स्थितिको समेत सृजना हुन जान्छ । तसर्थ यी तमाम खाले समस्याहरुलाई सम्बोधन गर्नका लागि स्वदेशभित्रै उद्योगधन्दा, व्यापारव्यवसायको विकास, विस्तार र प्रवर्द्धन गरीगराई रोजगारीका अवसहरुमा वृद्धि ल्याउनु वर्तमानको आवश्यकता नै भएको छ । साना, मझौला तथा ठूला उद्योगको स्थापना र संचालनका लागि प्रशस्त पूँजी लगानीको जरुरत पर्ने हुन्छ, त्यस्तो कार्यका लागि देशभित्रका सरकारी निकाय वा निजीक्षेत्रसँग रहेको पुँजी अपर्याप्त हुन सक्दछ । यस्तो अवस्थामा उद्योग, वाणिज्य क्षेत्रको माध्यमबाट मुलुककै विकासमा योगदान पुऱ्याउनका लागि वैदेशिक पुँजी तथा लगानीको जरुरी हुन्छ । तर अन्तर्राष्ट्रिय बजारमा उपलब्ध वित्तिय संगठन र केही धनी राष्ट्रहरुबाट लिइने पुँजी वा ऋण मुलुकका लागि महंगो पर्ने हुँदा नेपालको धर्तीका सन्तान जो विदेशमा रहेका छन् र जसले प्रशस्त आय आर्जन गरेका छन, त्यस्ता गैर आवाशीय नेपाली (NRN) हरुको वचतको रुपमा रहेको पुँजीलाई नेपाली उद्योग, वाणिज्य क्षेत्रमा लगानीका लागि आकर्षित गर्न सकेमा त्यस्तो पुँजीमा अपनत्व समेत स्थापित भई देशले त्यस्तो लगानीका माध्यमबाट दिगो लाभ लिन सक्ने देखिन्छ । यसका लागि नेपालबाट विश्वका विभिन्न मूलुकहरुमा रहेका गैर आवासीय नेपालीहरुलाई नेपालमा आउन (Entry), नेपालबाट फर्कन (Exit), उनीहरुको रकम नेपालका संभाव्य

(Potential) क्षेत्रमा लगानी (Investment) गरी मुलुकलाई लाभान्वित गराउन आवश्यक पर्ने विभिन्न नीतिगत तथा संस्थागत संरचना तयार गर्नु अत्यन्तै आवश्यक छ भने त्यस्ता लगानीकर्ताहरुलाई सक्दो सहजीकरण (Facilitation) को वन्दोवस्त मिलाउनु पनि त्यत्तिकै जरुरी छ ।

## निजामती प्रशासनमा उद्यमशिलता :

हरेक क्षेत्रमा उद्यमशिलताको विकास गर्नु एक्काइसौ शताब्दीको आवश्यकता हो । जसरी एउटा उद्योग वा व्यवसाय सफल बनाउनका लागि उक्त व्यवसाय गर्ने व्यवसायी वा उद्योगीमा उद्यमशिलताको जरुरत पर्दछ, त्यसैगरी वर्तमान समयमा नेपालको ब्युरोक्रेसीमा पनि उद्यमशिलताको खाँचो परको देखिन्छ । प्रकृयामुखी निजामती कर्मचारीतन्त्र (Process Oriented Civil Services) लाई परिणाममुखी (Result Oriented) बनाउनका निमित्त यस क्षेत्रले पनि आफूलाई एउटा प्रशासनिक उद्यमी (Administrative Entrepreneur) को रुपमा उभ्याउनु पर्दछ । तब मात्रै योजना तथा नीति तर्जुमा गरे बमोजिम सार्वजनिक प्रशासनले लक्ष्य हासिल गर्न सम्भव हुन्छ । यहाँ प्रशासनमा उद्यमी हुनुको अर्थ नाफा नै कमाउनुपर्छ भन्ने होइन । निजामती सेवामा उद्यमशिलताको संचार र विकास गराउन सकियो भने सर्वसाधारणहरुलाई यसले प्रदान गर्ने सेवामा प्रभावकारिता अउँछ । यदि त्यसो हुने सक्यो भने मात्रै ब्युरोक्रेसीले लालफिताशाही र प्रकृयामुखीको आरोपबाट मुक्ति पाई सेवामुखी, नतिजामुखी तथा परिणाममुखी कार्यसम्पादन हासिल गर्न सफल हुनेछ ।

अन्त्यमा, कुनै पनि क्षेत्रको विकास सम्बद्ध पक्षको एकल प्रयाश (Single effort) बाट सम्भव हुदैन । हरेक क्षेत्रको विकासको लागि विविधखाले आयामहरुले प्रभाव पारेको हुन्छ । समष्टिगत रुपमा भन्नुपर्दा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रका माध्यमवाट आम जनतालाई प्रदान गरिने सेवाको प्रवाहीकरणलाई प्रभावकारी र सफलीभूत पार्नका लागि एकल विन्दु सेवा (One point service center), एकद्वार नीति (One door policy), एकिकृत आपूर्ति प्रणाली (Integrated supply system), नागरीक वडापत्रको उपयोग (Use या citizen charter), विद्युतीय माध्यमको उपयोग (Use of e-means), तथा सरल फारामहरुको प्रयोग (Application या easy forms) आदि विधिको अवलम्वन गरिनुपर्दछ । उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रको विकास विस्तार तथा प्रवर्द्धनबाट मुलुकको समष्टिगत विकासमा योगदान पुऱ्याउनका लागि उल्लेखित क्षेत्रहरुका अलावा मुलुकमा विद्यमान अन्य निकायहरु, नागरिक समाज, निजीक्षेत्र, प्रेस, अन्तर्राष्ट्रिय सरोकारवाला निकाय वा पक्ष, उपभोक्ता लगायत आमनागरिकको चासो, सहयोग र संलग्नता जरुरी हुन्छ, त्यसो हुन सके मात्रै यस क्षेत्रमा सुधारको अपेक्षा राख्न सकिन्छ ।

## सन्दर्भ सामाग्री :


- नवौं योजना, (२०५४-२०५९), २०५५ असार, राष्ट्यि योजना आयोग, सिंहदरवार, काठमाण्डौ।
- दशौं योजना, (२०५४-२०५९), २०५५ असार, राष्ट्यि योजना आयोग, सिंहदरवार, काठमाण्डौ।
- नेपाल सरकार कार्य विभाजन नियमावली ।
- नवौं योजनाको मध्यावधी मूल्यांकन,२०५८, राष्ट्यि योजना आयोग, सिंहदरवार, काठमाण्डौ।
- आर्थिक बर्ष २०६३/०६४ को बजेट बक्तव्य,अर्थ मन्त्रालय,२०६३ ।
- उद्योग वाणिज्य झलक, बर्ष १,अंक १,२०६२ असार ,उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।